# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८१

## राप्ती गाउँपालिका वडा नं. ५ सिसहनिहा दाङ



### प्रतिवेदक

**नामसालिङ सामुदायिक विकास केन्द्र**

**दाङ**

## १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका दुई वटा वडाहरु मध्ये वडा नं. ५ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः


स्थानीय वडाले गत आर्थिक बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।

## ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. ५, सिसनिहा

## ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. ५ को कार्यालय, सिहनिहा दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।



## ५. सामाजिक परीक्षण गर्ने संस्थाः

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
ncdcilam@ntc.net.np

## ६. तथ्यांक/सूचना संकलन विधि तथा प्रक्रियाः

स्थानीय निकाय/तह सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सम्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण



## ७. सामाजिक परीक्षणको क्षेत्रः

७.१. सामाजिक सुरक्षा ।
७.२. नियमित नागरिक सेवा ।
७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।

## ८. वडाका निर्वाचित कार्यसमिति

| पद | नामथर |
|---|---|
| अध्यक्ष | देवप्रसाद चौधरी |
| सदस्य | गोविन्दबहादुर कुँवर क्षेत्री |
| सदस्य | भूपलाल थापा मगर |
| महिला सदस्य | सीता समाल मगर |
| दलित महिला सदस्य | सावित्रा देवी दमाई |
| सदस्य (कार्यपालिका) | रणबहादुर सार्की पुलामी |

## ९. सूचनादाताहरुको बर्गीकृत विवरण

| समुदाय | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| आदिबासी जनजाती | ४७ | १६ | ३१ | |
| दलित | ७ | ३ | ४ | |
| मुश्लिम | ० | ० | ० | |
| ब्राम्हण/क्षेत्री | २१ | ८ | १३ | |
| मारवाडी/मधेशी | ३ | ० | ३ | |
| अन्य | ४ | ० | ४ | |
| जम्मा: | ८२ | २७ | ५५ | |
| प्रतिशत: | १००% | ३३% | ६७% | |

## १०. सामाजिक परीक्षण टोली:

१०.१. विनोद (स्वतन्त्र सामाजिक परीक्षक सम्पर्क ९८५२६२०४१२)
१०.२. धर्मबहादुर यादब (फिल्ड संयोजक नासाविके सम्पर्क: ९८४४९२०१५५)
१०.३. धनकुमारी चौधरी (कृषि प्राविधिक नासाविके, ९८४७८६६६१९)

## ११. विविध:

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।

# खण्ड-ख

# राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. ५ को सामाजिक परीक्षण प्रतिवेदन

## १. वडाको आधारभूत तथ्यांकः

- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्याः ७५६ घरधुरी (स्रोत गा.पा.वस्तुगत पार्श्वचित्र-२०७५)।
- सेवाग्राही जनसंख्याः जम्माः ३९०४ जना (महिलाः १९३९, पुरुषः १९६३, नखुलेकोः २ जना)।
- सेवाक्षेत्रका वस्तीहरुः सिसनिया, पहरुवा, लठहवा, करङ्गे, भूल्के, कालापानी ।
- टोलविकास संस्था संख्याः १० वटा

| टोलविकास संस्थाको नाम | अध्यक्षको नामावली | सम्पर्क न. |
|---|---|---|
| प्रगतिनगर टोलविकास संस्था | गंगा केसी | ९८४४९५७९२६ |
| कालापानी टोलविकास संस्था | कृष्णकुमार चौधरी | ९८६०८९११५८ |
| कमलरोड टोलविकास संस्था | दुर्गापुन | ९८४७९००१७१ |
| पहरुवा टोलविकास संस्था | मोतिराम चौधरी | ९८५७८४०१४९ |
| लठ्हवा टोलविकास संस्था | बामदेव चौधरी | ९८५७८३१९५२ |
| सिंगे टोलविकास संस्था | रमेश अधिकारी | ९८४७८६३७६२ |
| भुल्के टोलविकास संस्था | चेतनाथ उचही मगर | ९८०१३३२५८६ |
| करंगेकोट टोलविकास संस्था | गिरवहादुर थापा | ९८०९५१९२४२ |
| थकरीकोट टोलविकास संस्था | रुक बहादुर समाल | ९८१०८५०२०१ |
| पुनखोला टोलविकास संस्था | तेजबहादुर घर्ती | ९८१९७१५६५६ |

आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्याः ४९८ जना (ज्येष्ठ नागरिकः ३०३, जेष्ठ दलित १५, एकल महिला ४०, बिद्यवा ८५, पूर्ण अपाङ्ग ७, अति असक्त अपाङ्गता २०, दलित बालबालिका २८ जना)।

## २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०८०/०८१)

| क्र.सं. | योजनाको प्रकृति | योजनाको संख्या | | | कार्यान्वयन प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा योजना | कार्यान्वयन भएका | कार्यान्वयनमा नभएका | | |
| २.१. | सिंचाई, कृषि र पशुपालन सम्बन्धी | ४ | ४ | ० | १००% | पालिका स्तरीय |
| २.२. | धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी | ३ | ३ | ० | १००% | |
| २.३. | शिक्षा तथा शैक्षिक पूर्वाधार सम्बन्धी | ४ | ४ | ० | १००% | |
| २.४. | सामुदायिक स्वास्थ्य, सरसफाई र स्वास्थ्य पूर्वाधार सम्बन्धी | १ | १ | ० | १००% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.५. | खानेपानी तथा जलाशय, स्रोत संरक्षण सम्बन्धी | ४ | ४ | ० | १००% | गैसस समेत |
| २.६. | सडक, पूल र यातायात पूर्वाधार सम्बन्धी | १५ | १५ | ० | १००% | पालिका समेत |
| २.७. | युवा सीप विकास र स्वरोजगारी प्रबर्द्धन सम्बन्धी | २ | २ | ० | १००% | |
| २.८. | लक्षितवर्ग तथा समावेशी विकास सम्बन्धी | ५ | ५ | ० | १००% | गैसस समेत |
| २.९. | वातावरणीय, विपद् तथा पर्यावरणीय विकास सम्बन्धी | ३ | ३ | ० | १००% | गैसस समेत |
| २.१०. | बिद्यूत तथा बैकल्पिक ऊर्जा | १ | १ | ० | १००% | |
| २.११. | विविध (अन्तरसम्बन्धित): अध्ययन अनुसन्धान, क्षमता विकास, प्रयोग, परीक्षण, सार्वजनिक निर्माण, योजना निर्माण सम्बन्धी | ७ | ७ | १ | ९५% | गैसस समेत |
| जम्मा योजना: | | ४९ | ४८ | १ | ९९% | |
| प्रतिशत: | | १००% | ९९% | **१%** | | |

## ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमत

| क.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | २९ | २० | ५ | ४ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | ३१ | २६ | ४ | १ | ० | |
| ३.३. | स्थानीय विकास निर्माण | ४५ | ४० | ३ | २ | ० | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | २८ | २५ | ३ | ० | ० | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | २२ | १७ | २ | १ | २ | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | १६ | १४ | २ | ० | ० | |
| जम्मा अभिमत (पुनरावृत्ति): | | १७१ | १४२ | १९ | ८ | २ | |
| प्रतिशत: | | १००% | ८३% | ११% | ५% | १% | |

## ४. राप्ती गाउँपालिका वडा न. ५ ले आ.व. २०८०/०८१ मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

### ४.१ पूर्वाधार तर्फ

**४.१.१ कमलरोड पश्चिम जाने नाला निर्माण**

सम्पर्क व्यक्तिः श्री रितुकुमारी सिंजाली, (९८२२९०६६०९) उपभोक्ता

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सडकमा नालाको पानी चढेर हिलो हुनेगरेको थियो ।
- यो सडकबाट सरकारी र नीजि बिद्यालय जाने प्रमुख बाटो मध्ये एक भएकोले बर्खायाममा स साना बिद्यार्थीहरुलाई समस्या र जोखिम थियो ।



- साईकल, मोटरसाईक र मझौला गाडीले हिलो भएकोले समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- करीब २८ मिटर पक्का नाली निर्माण गरिएको छ ।
- सडकको पानी निकासको लागि पूर्वाधार तयार भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- पानी निकासको दृष्टिकोणले सुरक्षित भएको छ ।
- सडकलाई भविष्यमा पिच गर्नको लागि पूर्वाधार तयार भयो ।
- आवासीय तथा बजारमा हिलो नियन्त्रण भई क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।

**घ) सुझाव**

- सडक नाला निर्माणको बाँकी खण्ड पुरा गर्न आगामी आ.व.मा बजेट विनियोजनका लागि पहल गर्नुपर्ने ।
- प्राविधिक रुपमा नालाको काम अधुरो भएकोले आसपासका वस्तीहरुमो अझ चुनौती थपिएको छ ।

### ४.१.२ कालापानी वनकुलो कलवर्ड निर्माण

सम्पर्क व्यक्ति: श्री विश्राम चौधरी -९८१०८११०९९)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- कालापानी गल्लीको कल्वर्ड राघुरो हुँदा गाडी ओहोरदोहर गर्न कठिनाई भएको थियो ।
- गाउँबस्तुलाई चराउन ल्याउन तथा लैजान कठिनाई हुने गरेको थियो ।
- नालाको पानी बर्खायाममा ओभरप्लो भएर वस्तीक्षेत्रमा हिलो हुनेगरेको थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- साघुरो कल्वर्डलाई फराकिलो बनाएर यातायात संचालन गर्न सहज पारिएको छ ।
-

**ग) सामाजिक उपलब्धी**

- यो कल्वर्ड सडकबाट आवत जावत गर्न सहज भएको छ ।
- कुलोको पानी चुहानवट हुने समस्या कम भएको छ ।
- बिद्यार्थी तथा पशुवस्तुलाई आवतजावतमा सहजता भएको छ ।

**घ) सुझाव**

- यो वस्तीक्षेत्रका सडक कालोपत्रे बनाउन सके धुलो हिलोबाट छुटकारा मिल्ने थियो ।

### ४.१.३ विपद् व्यबस्थापन तथा पूर्वाधार मर्मत (लड्डहवा माटो फिलिङ्ग)
सम्पर्क व्यक्ति: श्री प्रमिलाकुमारी चौधरी (९८०६२४५६००)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो सडक खण्डमा खाल्डाखुल्डी भएकोले आवत जावतमा समस्या थियो ।
- पानी जमेर दुर्घटना हुने गरेको थियो ।
- हरेकबर्ष जेसिभि लगाएर सफा गर्नुपर्ने अवस्था थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- सडकको खाल्डाखुल्डीमा माटो फिलिङ्ग गर्ने काम भएको छ ।
- सडक चौडा गरिएको छ ।
-

**ग) सामाजिक उपलब्धी**

- बजार क्षेत्रमा हिडडुल तथा व्यपार संचालन गर्न सहज भएको छ ।
- बिद्यालय जाने बालबालिका लगायत बृद्धहरुलाई पैदल हिड्न सहज भएको छ ।
- बर्षा याममा पानी जमेर घरभित्र पस्ने समस्या समाधान भएको छ ।
- बजार सौन्दर्यीकरणमा योगदान पुर्‍याएको छ ।

**घ) सुझाव**

- बाटो र नालाको सतह नमिलेकोले अझै पनि पानी जम्ने समस्या पूर्ण रुपमा नियन्त्रण भएको छैन ।
- ग्रावेल गरिएको क्षेत्रमा आगामी दिनमा सडक स्तरोन्नती मार्फत कालोपत्रे गर्न सके थप व्यबस्थित हुने थियो ।

### ४.१.४ पहरुवा उत्तरपूर्व गल्ली नँया ट्र्याक निर्माण
सम्पर्क व्यक्ति: श्री सरस्वती चौधरी (९८४१४२३९६१)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सामान ढुवानी गर्न समस्या थियो ।
- बाटो साधुरो भएकोले गाडी छिर्न सक्दैनथियो ।
- आवात जावतमा समस्या हुने गरेको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- पहरुवा सडकको नयाँ ट्याक खोलिएको छ ।

**ग) सामाजिक उपलब्धी**



- गाडी छिर्न सक्ने सडक भएकोले सामान ओसारपसारमा सुविधा भएको छ ।
- नयाँ निकास त निकालियो तर निर्माण गर्दा तयार भएको खाल्डामा पानी जमेर अझ जोखिम बढेको छ ।
- बजेट अभावको कारण प्रस्तावित योजना अधुरोनै रहेको छ ।

**घ) सुझाव**

- बाटो अग्लो भएको भए डुवानको समस्या हुने थिएन ।
- ह्युमपाईप साथसाथै सतहको पानीपनि कटाउने निकास दिनुपर्छ ।
- ग्रावेल गर्नुपर्ने छ ।

## ४.१.५ भूल्के खानेपानी विस्तार

सम्पर्क व्यक्तिः श्री विन्दु नेपाली (९७०३८३२२१५)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- धारामा पाईप सानो भएकोले खानेपानीको असुविधा थियो ।
- खानेपानी बेलाबेलामा मुहान सुक्ने गर्दथ्यो ।
- कपडा धुन र नुहाउन एवं सरसफाईमा  समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- नयाँ पाईप मुहानदेखि गाउँसम्म विछ्याईको छ ।
- धारा मार्फत खानेपानी वितरण गरिएको छ  ।



**ग) सामाजिक उपलब्धी**

- सरसफाईमा सुविधा भयो ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाईको अवस्थामा सुधार भएको छ ।
- खानेपानीबाट बचत भएको पानीले करेशावारीमा सागसब्जीलाई समेत सहयोग भएको छ ।
- खानेपानी वितरणको कारणले हुने सामाजिक द्वन्द्व न्यूनिकरण भएको छ ।
-

**घ) सुझाव**

- एकघर एक धारा अवधारणा शुरुवात गर्नुपर्ने छ ।
- सार्वजनिक धारा सरसफाई तथा मर्मतकोष स्थापना गर्नुपर्नेछ ।

## ४.१.६ कुमारी बैंक सर्वोदय सडक स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री गँगा अधिकारी (९८४९५७९२६)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बर्खा याममा यस रोडमा हिलो र धुलो धेरै हुने भएकोले हिडडुलमा असहज हुने गर्दथ्यो ।
- सडक आसपासका घरहरु डुवान हुने समस्या थियो ।
- खाद्यन्न तथा निर्माण सामाग्री बोक्ने गाडीहरु फस्ने समस्या थियो ।
- बर्षात याममा बिद्यालय जाने बालबालिकाहरुलाई हिलोका कारण समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- ६६ मिटर सडक ढलान भएको छ ।
- सडकको मापदण्ड अनुसार चौडा कायम गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- नियमित यातायात संचालनमा सहजता भएको छ ।
- बिद्यार्थीहरुलाई बर्खा याममा पनि हिडडुल गर्न सहज भएको छ ।
- वस्ती विकासको लागि सडक पूर्वाधार तयार भएको छ ।



**घ) सुझाव**

- वस्ती ढुवान एकठाउँमा समाधान भयो तर दिगो विकल्प निक्सन सकेन ।
- सडक खण्डको दुवैतिर नाली निर्माण गरी पानी निकास गर्ने वातावरण तयार गर्नुपर्नेछ ।

### ४.१.७ नर्तीकुलो दक्षिणबाटो स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री चिन्तामणी चौधरी (९८०९७६३०६३)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बर्खा याममा यस रोडमा हिलो र धुलो धेरै हुने भएकोले हिडडुलमा असहज हुने गर्दथ्यो ।
- नर्तीकुलो आसपासका क्षेत्रमा डुवान हुने समस्या थियो ।
- गाईबस्तु चराउन लैजान कठिम हुने  गरेको थियो ।
- बर्षात याममा बिद्यालय जाने बालबालिकाहरुलाई हिलोका कारण समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- १३० मिटर बाटो ढलान भएको छ ।
- सडकको मापदण्ड अनुसार चौडा कायम गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- नियमित यातायात संचालनमा सहजता भएको छ ।
- बिद्यार्थीहरुलाई बर्खा याममा पनि हिडडुल गर्न सहज भएको छ ।
- वस्ती विकासको लागि सडक पूर्वाधार तयार भएको छ ।
- डुवान नियन्त्रण भएको छ ।

**घ) सुझाव**


- सडक खण्डको दुवैतिर नाली निर्माण गरी पानी निकास गर्ने वातावरण तयार गर्नुपर्नेछ ।
- सडक निर्माण अधुरोध भएको सम्पूर्ण क्षेत्र समेटर ढलान गर्नुपर्ने ।



## ५. सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप

### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधि अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।




### ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):


- साविकको सिसनिहा गाविस कार्यालय भवनबाट वडा कार्यालय सरेर भाडाको घरमा बस्नुपरेकोले साँघुरो तथा नागरिक सेवा केही असहज भएको पाइयो ।
- लुम्बिनी प्रदेश राजधानीको प्रस्ताव भएपश्चात यस क्षेत्रका जग्गा किनावेचको प्रकृया रोक्का रहेकोमा हाल कित्ताकाट बाहेकका अन्य काम सम्बन्धित स्थानीय सरकाको सिफारिसमा बैङ्किक कारोवार प्रयोजनमा लागि प्रकृयागत सहजीकरण गरेको पाइयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नियमित सेवालाई प्रभावकारी बनाउन सेवा प्रदान गरिने कक्ष/विभागहरु अलग अलग गरी व्यवस्थापन गरिएको पाईयो ।

- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

## ५.३. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण गरिएका योजनाहरुको  कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको  एवंम् टोलविकास समितिको भूमिका प्रंशंसनीय रहेको पाइयो ।
- गतवर्ष वडा नं. ५ मा संचालित योजनाहरु मध्ये कामको गुणस्तर, उपादेयता, समय, बजेट र जनसहभागिताका दृष्टिले सडक निर्माण, नयाँ ट्याक संचालन, भूल्के खानेपानी, बिद्यालय व्यबस्थापन, सामाजिक अभियानमूलक कृयाकलापहरु नमुनाको रुपमा सम्पन्न भएको छ । यी सबै योजना पारदर्शी ढङ्गले सम्पन्न भएका छन् ।
- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।
- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ ।  स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।
- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।

- गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत कर्मचारी र प्राविधिकहरुद्वारा उपभोक्त समिति गठनदेखिनै समय समयमा आवश्यकता अनुसार योजनाहरुको स्थलगत सुपरीक्षवेक्षण तथा अनुगमन गरी सार्वजनिक खर्च प्रक्रियालाई जिम्मेवारपूर्ण, पारदर्शी र प्रभावकारी बनाउन प्रयास गरिएको छ । यस प्रक्रियाले निर्माण सम्बन्धी योजनाहरुको गुणस्तर कायम गर्न मद्दत पुगेको स्थानीय समुदायको प्रतिक्रिया रहेको छ ।




- वडामा मात्र नभई गाउँपालिका क्षेत्रकै उदाहरणी कार्यको रुपमा निजी तथा गैसस क्षेत्रसँगको साझेदारीमा झुल्के, करङ्गे, पुनखोला, कालापानी जस्ता क्षेत्रमा समूह प्रबर्द्धन गरी एकीकृत उपलब्धी हासिल गर्न प्रयास गरेको पाईएको छ ।
- झुल्केमा नामसालिङ सामुदायिक विकास केन्द्रको सहयोगमा एकीकृत रुपमा घरवगैता, जलबायू अनुकुलन गाउँ प्रवर्द्धन, गोवरग्याँस, सुधारिएको चुलो, सिंचाईकुलो निर्माण, सुधारिएको गोठ निर्माण, पानीको मुहान संरक्षण जस्ता कृयाकलापहरु संचालन भएको पाइयो ।

## ५.४. जनसम्बन्ध, समन्वय र साझेदारी:

- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय तथा राष्ट्रिय गैसस, आमसञ्चार क्षेत्र, सहकारी, उपभोक्ता समुह तथा निजी क्षेत्रको समेत सहभागिता र लगानी साझेदारीमा विकास निर्माण योजनाहरु कार्यान्वयन गरिदै आएका छन । अतः जनसम्बन्ध, समन्वय र स्रोत साझेदारीका दृष्टिले जनप्रतिनिधि तथा कर्मचारीहरुको भूमिका उलब्धिमूलक रहेको स्थानीयहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।

## ५.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापनः




- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक शुरुवात गरिएको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । गुनासो पेटिकाको व्यवस्था गरिएको छ ।

## ५.६. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणाः

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको बजार क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- पहुँचको आधारमा एकै क्षेत्रको योजनाका लागि प्रत्येकवर्ष बजेट विनियोजन गर्ने र खर्च गर्ने परिपाटी बढेको प्रति सामाजिक परीक्षणको क्रममा जनगुनासो पाइएको छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणको नियमितता र विगतमा वडास्तरमा गरिएको भुक्तानी व्यवस्थाको सेवाग्राहीले प्रशंसा गरेका छन । बैंक मार्फत भुक्तानी दिने निर्णय र रकमको घटबड बारे लक्षित समुदायमा पर्याप्त सूचना पुग्न सकेको छैन ।

- सिसनिया बजार क्षेत्र, अन्य साना व्यबपारिकक्षेत्र, सार्वजनिक स्थलमा फोहरमैला व्यवस्थापनको मुद्धा दिनानुदिन जटिल बन्दै गएको छ ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन ।
- अधिकांश ग्रामीण सडकहरु कच्ची र ग्रावेल मात्र रहेको पाईएको साथै जनआकांक्षा अनुसार नाली सहित पक्की सडक तयार गर्न सकिएको छैन ।

## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझाव:

- समष्टिगत विकास प्रयासका हिसाबले सतप्रतिशत योजनाहरु सम्पन्न भएका छन ।
- पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- नागरिक गुनासो व्यवस्थापनलाई विधिसम्मत रुपमा व्यवस्थित गर्ने र समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई, गुनासो चौतारी जस्ता जनतासँगको साक्षात्कार कार्यक्रमहरु सञ्चालन गरी गुनासो कम गर्ने र जनप्रतिनिधि-सेवाग्राही सम्बन्धलाई पुनर्ताजगी गर्न उपयुक्त ठानिएको छ ।
- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागी छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।
- सेवाग्राहीको चाप अनुसार आवश्यक कर्मचारीहरुको स्थायी पदपूर्तिको प्रबन्ध मिलाउन/पहल गर्न आवश्यक देखिएको छ ।
- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।